# नारायण नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,
## दैलेख
## कर्णाली प्रदेश, नेपाल ।

प.सं. : २०८२/०८३ मिति: २०८२/०४/०५

### सूची दर्ता गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति :२०८२/०४/०६ गते)

यस कार्यलयलाई आर्थिक वर्ष २०८२/०८३ को लागि आवश्यक भएका बखत निम्नालिखित मालसामान तथा सेवा खरिद गर्न, मर्मत गर्न तथा सेवा लिनको लागि सूची दर्ता गराउनु पर्ने भएकाले सम्बन्धित इच्छुक इजाजत पत्र दर्तावाला व्यक्ति, फर्म, सप्लायर्स, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावलि, २०६४ (संशोधन सहित) नियम १८ अनुसार यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा (१५औं दिनमा बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन) आफ्नो कारोबारको व्यहोरा उल्लेख गरी फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर ,दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, अद्यावधिक गरिएको फर्म नवीकरण प्रमाणपत्र, आ.ब २०८०/०८१ को कर चूक्ता प्रमाणपत्र, सम्बन्धित कागजातहरुको प्रमाणित प्रतिलिपि सहित प्रत्येक विवरणका लागि छुट्टा–छुट्टै सूचीमा अनिवार्य रुपमा दर्ता हुनका लागि सुचीकृत हुन तोकिएको ढाँचामा निवेदन यस कार्यलयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । आवेदकहरुलाई मौजुदा सूचीमा सुचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यलयमा निहित हुनेछ । बिस्तृत जानकारीको लागि यस कार्यालयमा सर्म्पक राख्नु हुन सूचित गरिन्छ ।

तपसिल :

| क) खरिद तथा आपूर्ति तर्फ | ख) मर्मत तर्फ |
|---|---|
| १) स्टेशनरी/मसलन्द तथा विविध कार्यालय सामानहरु आपूर्ति ।<br>२) औषधी तथा स्वास्थ सामाग्रिहरु, औजार उपकरण र प्रयोगशाला सम्बन्धी रसायन, किट, केमिकल, सर्जिकल सामानहरु आपूति कार्यहरु ।<br>३) कम्प्यूटर, फोटोकपि,युपियस तथा इलेक्ट्रोनिक्स सामानहरु आपूर्ति कार्य ।<br>४) इलेक्ट्रोनिक्स सामानहरु आपूर्ति तथा मर्मत कार्यहरु ।<br>५) छपाई सम्बन्धि कार्यहरु ।<br>६) विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङ्ग सामान आपूर्ति | १) कम्प्यूटर, प्रिन्टर, फोटोकपि , ल्यापटप, फ्याक्स, प्रिन्टर, प्रोजेक्टर, यु.पि.एस.,टोनर आदि ।<br>२) सवारी साधन -गाडी तथा मोटर साईकल) आदिका स्पेयर्स पार्टस आपूर्ति एवं मर्मत सम्भार कार्यहरु ।<br>३) सानातिना निर्माण सम्भार तथा मर्मत सम्भार र रंग रोगनकां कार्यहरु । |

प्रमुख प्रशासकीय अधिकृत

# नारायण नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, दैलेख

### कर्णाली प्रदेश, नेपाल ।

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश, नेपाल

प.सं. : २०८२/०८३ मिति: २०८२/०४/०५

| | |
|---|---|
| ७) पत्रपत्रिका नियमित आपूर्ति कार्य ।<br><br>८) विज्ञापन सेवा, पत्रिकामा सूचना प्रकाशन/ प्रसारण गराउने कार्य ।<br>९) सवारी साधन भाडाका दिने ।<br>१०) परार्मश सेवा । | |

पालना गर्नुपर्ने सर्तहरु :

१) सम्पूर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नुपर्ने छ ।

२) पेशागत कसुरमा कुनै सजाय पाए वा नपाएको व्यहोराको स्वयम् घोषणापत्र ।

३) म्याद भित्र पेश नभएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

४) एक भन्दा बढी समहकमा सूचीदर्ता गराउन चाहनेले प्रत्येक लागि छुटा–छुटै निवेदन साथ आवश्यक कागजातहरु संलग्न गरी निवेदनको समुह खुलाएर दर्ता गराउनु पर्नेछ ।

५) स्पष्ट ठेगाना खुलेको विवरण (इमेल,टेलिफोन तथा मोवाईल नम्बर)

६) यस सूचना अनुसार दर्ता भएको सूची आर्थिक वर्ष २०८२/०८३ को लागि मात्र मान्य रहने छ ।

७) यस सूचनामा नपरेका अन्य कुराहरुका हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ ।

८) नारायण नगर क्षेत्रभित्र संचालित व्यवसाय फर्मको हकमा आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

९) कार्यलयको नियम अनुसार प्रति फर्म सूची दर्ता दस्तुर रु ५०० को नगदि रसिद वा बैंक जम्मा वा भौचर पेस गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत